


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २६० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असोज १५ गते शुक्रबार ❑ 1 Oct. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## परिवर्तन उल्ट्याउन प्रतिनिधिसभा विघटन गरिएको थियो : अध्यक्ष दाहाल

**रासस**
**काठमाडौं, १४ असोज**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले प्रतिनिधिसभा विघटन गर्नुको पछाडि माओवादीले सङ्घर्ष गरेर स्थापित गरेको परिवर्तनको एजेण्डा उल्ट्याउने षड्यन्त्रअनुरूप नै भएको बताउनुभएको छ।

माओवादीलाई घेरा हाल्ने र सकाउने रणनीतिअनुसार नै प्रतिनिधिसभा विघटन गरिएको चर्चा गर्दै उहाँले माओवादी रहँदासम्म परिवर्तनका एजेण्डा कायमै रहन्छ भन्ने भयका कारण प्रतिनिधिसभा विघटन गरिएको भए पनि आफूहरुले नेपाली जनताका साथमा त्यस्ता गलत प्रवृत्ति परास्त गरेको उल्लेख गर्नुभयो।

क्रान्ति नछाड्ने सङ्कल्पसहित आफूहरु आन्दोलनमा उत्रिएका कारण प्रतिगमन परास्त भएको उल्लेख गर्दै अध्यक्ष दाहालले संविधान विरोधी गतिविधि परास्त भएको उल्लेख गर्नुभयो । पार्टीसम्बद्ध अखिल (क्रान्तिकारी) को २२औँ राष्ट्रिय सम्मेलनमा उहाँले आफूसमेत मिलेर गठन गरेको पार्टी गलत दिशामा गएर जनताका अधिकार उल्ट्याउन खोजिएका कारण आफूहरुले सशक्त प्रतिवाद गरेको बताउनुभयो।

पार्टीका कार्यकर्ता नबिग्रिएको तर शीर्ष स्थानमा रहेका नेतामा नै समस्या रहेको भन्दै अध्यक्ष दाहालले अब नयाँ सङ्कल्पसहित विगतको गलत अभ्यासबाट मुक्त भएर अगाडि बढ्ने सङ्कल्प आफूहरुले गरेको बताउनुभयो।

शहीद तथा बेपत्ता परिवारलाई थप एकीकृत बनाएर लैजाने तयारीमा आफू रहेको उल्लेख गर्दै उहाँले विगतको शहादतको उचित मूल्याङ्कन हुने स्पष्ट पार्नुभयो। नेपाली जनताको अधिकारका लागि गरेको त्यागका आधारमा राजनीतिक अधिकार प्राप्त भए पनि शहीदको सपना भने पूर्णरूपमा प्राप्त हुन भने नसकेको उहाँले उल्लेख गर्नुभयो।

माओवादी पनि अन्य राजनीतिक दल जस्तै भएको हो कि भने जस्तो भएको भन्दै अध्यक्ष दाहालले आफूले जो जसलाई मन्त्री बनाए उनीहरु नै गलत बाटोमा लाग्नु जस्तो विचित्र अरु केही नभएको बताउनुभयो। विगतमा सङ्घर्षका लागि अग्रमोर्चामा जाने प्रतिस्पर्धा हुनेगरेको तर अहिले मन्त्री पाइएन, पद पाइएन भनेर रुवाबासी गर्ने प्रतिस्पर्धा चलेकामा उहाँले गुनासो गर्नुभयो । अध्यक्ष दाहालले अहिलेको गलत निर्वाचन प्रणालीका कारण जनताका प्रतिनिधिले कहिल्यै निर्वाचन जित्न नसक्ने अवस्था आएको भन्दै यसको परिवर्तन जरुरी भएको उल्लेख गर्नुभयो । उहाँले अब पूर्ण समानुपातिक निर्वाचन प्रणाली जरुरी रहेको भन्दै त्यसका पक्षमा आफूहरु लाग्नेबित्तिकै गलत प्रणाली उल्ट्याउन सकिने विश्वास व्यक्त गर्नुभयो । अखिल (क्रान्तिकारी)का नेतालाई पार्टीको स्थायी समितिमा राख्ने प्रस्ताव आफैँले बुधबारको स्थायी समितिको बैठकमा राखेको र कम्युनिष्ट पार्टीको उत्तराधिकारीसमेत तयार भएको उहाँले बताउनुभयो। उहाँले अब पार्टीको केन्द्रीय समितिमा २० प्रतिशत युवालाई सहभागी गराएरै छाड्ने दृढता व्यक्त गर्नुभयो।

अहिले देखिएको विकृति र विसङ्गतिका विरुद्ध सङ्घर्ष गर्ने प्रणालीको विकास युवा तथा विद्यार्थीले नै गर्नुपर्ने उल्लेख गर्दै उहाँले सबैले त्याग गर्दा मात्रै देशमा जनताले खोजेको जस्तो परिवर्तनको अनुभव गर्न सकिने स्थानमा पुऱ्याउन सकिने स्पष्ट पार्नुभयो । पार्टीलाई नयाँ आधारमा अगाडि बनाउने नीति तथा कार्यक्रमसहित आउने र सबैलाई समेटेर लैजाने सङ्कल्पका साथ आउनेलाई पार्टी जिम्मा लगाएर आफू जान तयार रहेको अध्यक्ष दाहालको भनाइ छ। घाइते, बेपत्ता परिवार तथा शहीद परिवारलाई राहत दिने विषयमा गठबन्धनमा छलफल भएको र साझा कार्यक्रममा समेटिएको उहाँको भनाइ छ।

आफू पहिलो पटक प्रधानमन्त्री हुँदा शहीद तथा बेपत्ता परिवारलाई राहत दिने विषयमा गरिएको निर्णयको माइन्युट नै लुकाइएको भन्दै त्यो माइन्युट खोज्न आफू लागिपरेको बताउनुभयो। कार्यक्रममा अखिल( क्रान्तिकारी)का फ्याक्सन इञ्चार्ज हितमान शाक्यले जहाँ विद्यार्थी त्यहाँ क्रान्तिकारी भन्ने नाराका साथ विद्यार्थीका बीचमा गएर एक नम्बरको सङ्गठन बनाउन निर्देशन दिनुभयो।

## एमालेको विधान महाधिवेशन शुक्रबारदेखि

**रासस**
**काठमाडौं, १४ असोज**

नयाँ राजनीतिक परिस्थितिमा पार्टीको नीति र विधि तय गर्न ऐतिहासिक मानिएको नेकपा (एमाले) को प्रथम विधान महाधिवेशन शुक्रबारदेखि तीन दिनसम्म ललितपुरको गोदावरीमा आयोजना हुँदैछ।

अन्तरविरोध र अस्थिरताका कारण सरकारको नेतृत्वबाट बाहिरिएर प्रमुख प्रतिपक्षी भएको संसद्को ठूलो दल एमालेले करिब छ हजार प्रतिनिधिलाई सहभागी गराएर गोदावरीस्थित नवनिर्मित सनराइन सम्मेलन केन्द्रमा विधान महाधिवेशन गर्न लागेको हो। आगामी मङ्सिरको दोस्रो साताका लागि नेतृत्व चयनका लागि पार्टीको दसौँ राष्ट्रिय महाधिवेशन तय गरेको एमालेको विधान महाधिवेशनलाई समसामयिक राजनीतिक दलहरुमध्ये मौलिक विशेषताको भेला मानिएको छ । एमालेको गत २०७१ असारमा नवौँ महाधिवेशन भएको थियो।

महाधिवेशनको उद्घाटन असोज १५ गते पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले गर्ने कार्यक्रम रहेको विधान महाधिवेशन मूल व्यवस्थापन समितिले बिहीबार आयोजना गरेको पत्रकार सम्मेलनमा जानकारी दिइयो । उद्घाटन सत्रलाई पार्टी अध्यक्ष ओलीलगायतका नेताहरुले सम्बोधन गर्नु हुनेछ। उद्घाटन सत्रपछि महाधिवेशनको बन्दसत्रमा केन्द्रीय कमिटीको तर्फबाट अध्यक्ष ओलीबाट राजनीतिक प्रतिवेदन, महासचिव ईश्वर पोखरेलबाट सङ्गठनात्मक प्रस्ताव र उपमहासचिव एवं सङ्गठन विभाग प्रमुख विष्णुप्रसाद पौडेलबाट विधान संशोधन प्रस्ताव प्रस्तुत गरिनेछ । महाधिवेशनको दोस्रो दिन यही असोज १६ गते समूह छलफल र समूह नेताबाट सुझावको प्रस्तुति गरिनेछ । तेस्रो दिन असोज १७ गते दस्तावेज प्रस्तोताबाट समूह छलफलबाट आएका सुझाव एवं उठेका विषयलाई स्पष्ट पार्दै सारसंक्षेपीकरणगरिनेछ।महाधिवेशनको व्यवस्थापनलाई चुस्तदुरुस्त गर्न पार्टी केन्द्रीय कमिटीको बैठकबाट स्थायी कमिटी सदस्य रामबहादुर थापा संयोजक, शेरबहादुर तामाङ सचिव र केन्द्रीय सदस्य कृष्णगोपाल श्रेष्ठ, खिमलाल भट्टराई, महेश बस्नेत, विनोद श्रेष्ठ, सुजिता शाक्य, सुशीला नेपाल र पासाङ शेर्पा सदस्य रहेको मूल व्यवस्थापन समिति गठन गरिएको थियो।

विधान महाधिवेशनमा पार्टीका केन्द्रीय कमिटीका पदाधिकारी एवं सदस्य, केन्द्रीय निकायका पदाधिकारी एवं सदस्य, केन्द्रीय विभागबाट चुनिएका प्रतिनिधि, प्रदेश कमिटीका सबै, जिल्ला कमिटीबाट चुनिएका सबै प्रतिनिधि, पार्टी सदस्य रहेका सङ्घ र प्रदेशका सांसद, पार्टीका तर्फबाट निर्वाचित जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख, पार्टी सदस्य रहेका स्थानीय पालिकाका प्रमुख र उपप्रमुख, जनसङ्गठन र पेशागत सङ्गठनबाट चुनिएका प्रतिनिधि, भारतलगायत प्रवासका सङ्घ सङ्गठनबाट चुनिएका प्रतिनिधि र पार्टी केन्द्रबाट विधानबमोजिम मनोनीत सदस्य प्रतिनिधि रहनेछन्।

महाधिवेशन सम्पन्न गर्न पार्टी निकट अनेरास्ववियु, युवासङ्घ नेपाल, जिफन्ट र खेलकूद महासङ्घबाट २०० को सङ्ख्यामा स्वयंसेवकको व्यवस्था गरिएको छ । कोरोना महामारीकै अवस्था भएकाले त्यसप्रति संवेदनशील हुँदै मास्क, सेनिटाइजरको प्रयोग र थर्मलगनबाट शरीरको तापमान लिने व्यवस्था मिलाइएको छ।

## धर्मलाई पर्यटनसँग जोडेर अगाडि बढ्नुपर्छ : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**दमौली, १४ असोज**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले धर्मलाई पर्यटनसँग जोडेर अगाडि बढ्नुपर्नेमा जोड दिनुभएको छ।

तनहुँको भानु नगरपालिका-१३, चन्द्रावतीस्थित प्राचीन एवं ऐतिहासिक नैनेश्वर महादेव मन्दिरको भौतिक पूर्वाधार निर्माणका लागि रकम सङ्कलन गर्ने उद्देश्यसहित आजदेखि शुरु महायज्ञको उद्घाटन कार्यक्रममा उहाँले धार्मिकस्थलको प्रवर्द्धनका लागि सरकार प्रतिबद्ध रहेको बताउनुभयो। धार्मिक महत्व बोकेका ठाउँलाई पर्यटकीय गन्तव्य बनाउने हिसाबले कार्ययोजना बनाउनुपर्ने चर्चा गर्दै मुख्यमन्त्री पोखरेलले भन्नुभयो, "नैनेश्वर महादेव मन्दिरको धार्मिक आस्था त छँदैछ, पुरातात्विक महत्व पनि छ, तर यसलाई पर्यटनसँग गाँसेर अगाडि बढाउनुपर्छ ।" उहाँले यस ठाउँको विकासका लागि प्रदेश सरकारले पनि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। पछिल्लो समय गण्डकी प्रदेश बाढीपहिराबाट प्रभावित भएको चर्चा गर्दै उहाँले बाढीपहिराले अवरुद्ध भएका सडक दसैँअगाडि नै खुलाउन सम्बन्धित निकायलाई निर्देशन दिएको बताउनुभयो । सरकार गठन हुँदा कोभिडका साथै बाढीपहिराको पनि चुनौती आएको भन्दै उहाँले विपद्बाट क्षति भएका संरचना पुनःनिर्माणका लागि प्रदेश सरकार गम्भीर रहेको बताउनुभयो। आगामी बजेटमा छुटेका बहुवर्षीय योजनालाई समावेश गरिने बताउँदै मुख्यमन्त्री पोखरेलले त्यस्ता केही योजना भए प्रक्रियागतरूपमा आउन आग्रह गर्नुभयो।

करिब २०० वर्ष पुरानो उक्त मन्दिर भग्नावशेष बन्दै गएकाले महायज्ञबाट सङ्कलित रकमले मन्दिरको पुनःनिर्माण गर्ने लक्ष्य राखिएको छ । नैनेश्वर महादेव मन्दिरको आयोजनामा सुरु महायज्ञ असोज २६ गतेसम्म सञ्चालन हुने र महायज्ञबाट करिब रु एक करोड दान सङ्कलनको अपेक्षा गरिएको महायज्ञ मूल समारोहका समितिका सचिव कुवेर खनालले जानकारी दिनुभयो। प्राचीन एवं ऐतिहासिक महत्व बोकेको सो मन्दिरलाई पर्यटकीय गन्तव्यका रुरूपमा विकास गर्ने योजना लिइएको छ । धार्मिक अनुष्ठान, पितृ मोक्ष महोत्सव तथा ज्ञान महायज्ञमा पण्डित कपिलदेव भट्टले कथावाचन गर्नुहुनेछ। कार्यक्रम अवधिभर सामूहिक पितृ तर्पण, अन्नदान, भूमिदान, ब्राह्मण भोजन र पितृको फोटो राखी पूजा गर्न सकिने आयोजकले जनाएको छ।

## एक हजार ७८ जनामा कोरोना संक्रमण

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ असोज**

देशभर पछिल्लो २४ घण्टामा एक हजार ७८ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । सो अवधिमा ११ हजार ७६५ जनाको कोरोना परीक्षण गरिएको थियो।

हाल देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या १८ हजार १६८ रहेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। नेपालमा कोरोना सङ्क्रमण दर १८.९ प्रतिशत छ। पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला नौ र २०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला १९ रहेका छन् । पछिल्लो २४ घण्टामा ९११ जना कोरोनाबाट मुक्त भएका छन्। योसँगै कोरोनाबाट मुक्त हुनेको सङ्ख्या सात लाख ६५ हजार ७५८ पुगेको छ । नेपालमा कोरोनाबाट निको हुने दर ९६.३ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

यस्तै कोरोनाबाट पछिल्लो २४ घण्टामा १२ जनाको ज्यान गएको छ । अहिलेसम्म सङ्क्रमणबाट ११ हजार १३५ जनाको निधन भइसकेको छ । हाल देशभर ३५३ सङ्क्रमित सघन उपचार कक्ष (आइसीयु)मा, ११७ भेन्टिलेटरमा, १६ हजार ८०२ होम आइसोलेसनमा, एक हजार ३६६ संस्थागत आइसोलेसनमा तथा २३८ सङ्क्रमित क्वारेन्टिनमा छन्।

बिहीबार दुई लाख ८९ हजार ३८१ जनाले कोभिड-१९ विरुद्धको खोप लगाएका छन् । अहिलेसम्म ७४ लाख ५६ हजार ३८४ जनाले कोरोनाविरुद्धको खोपको पहिलो मात्रा तथा ६२ लाख ८५ हजार ७४० जनाले पूर्ण मात्रा लगाएका मन्त्रालयले जनाएको छ।

## बिषादी रहित फलफूल तरकारी उत्पादनमा जोड दिनुपर्छः मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ असोज**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले बिषादी रहित फलफूल तरकारी उत्पादनमा जोड दिनुपर्ने बताउनु भएको छ।

राष्ट्रिय फलफूल तथा तरकारी थोक व्यवसायी संघको बिहिबार पोखरामा सम्पन्न भएको १८ औं साधारण सभा एवं नवौं अधिवेसनको उद्घाटन गर्दै मन्त्री बरालले पछिल्लो समयमा अधिकांश फलफूल तरकारीमा बिषादीको मात्रा बढ्दै गएमा चिन्ता व्यत्त गर्दै बिषादी रहित फलफूल तरकारी उत्पादनमा केन्द्रित हुनुपर्ने बताउनु भएको हो।

उहाँले भन्नुभयो "हाम्रो मानव स्वास्थ्यलाई असर पर्ने गरी हाल हामीले बजारमा बिषादी मिसावट भएको फलफूल तरकारी सेवन गर्न बाध्य भएका छौं, यसले गर्दा हामीलाई दृर्घकालिन रुपमा ठुलो




असर पार्छ ।" कृषि बजारमा किसानले उत्पादन गरेका बस्तुहरु सिधै उपभोक्ताहरु मार्फत बिक्रि वितरण हुनुपर्नेमा बिचौलियाका कारण किसानहरु ठुलो मारमा पर्ने गरेको मन्त्री बरालले दाबी गर्नु भयो । बिचौलियाको अन्त्य गरी किसानलाई सम्मान गर्न सक्नुपर्ने मन्त्री बरालको भनाई थियो। सिमा पारीबाट आयातित बस्तुले मात्र नेपाल आत्मनिर्भर बन्न नसक्ने दाबी गर्दै मन्त्री बरालले स्वदेशी उत्पादनमा जोड दिनुपर्ने बताउनु भयो । किसानलाई प्रोत्साहन गर्न पनि उत्पादनमा आधारित कृषि अनुदान दिनुपर्ने उहाँको भनाइ थियो । पोखरा ९ शान्तिवनमा रहेको कृषि बजारलाई व्यबस्थित पार्न उक्त बजारको स्वामित्व प्रदेश सरकारलाई दिनुपर्ने मन्त्री बरालको भनाई थियो। पोखरा च्याम्बर अफ कमर्सका अध्यक्ष यामनाथ पौडेलले कोरोनाले थलिएका व्यावसायीको लागि घर भाडा छुटको प्याकेज आवश्यक भएको बताउनु भयो । ३५ प्रतिशत व्यवसायी कोरोनाले गर्दा बिस्थापित भएको उहाँको दाबी छ। पोखरा उद्योग बाणिज्य संघका बरिष्ठ उपाध्यक्ष पवन प्रजापतीले फलफूल तरकारीको समेत बिमाको व्यबस्था हुनुपर्ने माग गर्नुभयो। व्यवसायी सक्षम नभएसम्म देश सक्षम नहुने हुदा राज्यले यति वेला व्यवसायलाई राहत प्याकेज दिनुपर्ने माग गर्नुभयो।

संस्थाका अध्यक्ष निर्मल प्रसाद बाँस्तोलाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा कृषि बजार व्यवस्थापन समितिका अध्यक्ष कलम प्रसाद पौडेल, संस्थाका निवर्तमान अध्यक्ष छेवाङ तामाङ, पूर्व अध्यक्ष केदार प्रसाद पौडेल, पूर्व अध्यक्ष रामकृष्ण दवाडी, उपाध्यक्ष राधिका थापा, सचिव सरस्वती श्रेष्ठ लगायतले वोलका थिए । कार्यक्रममा रामदेव धोवी र हरी राम गौडलाई संस्थाले सम्मानको घोषणा गरेको थियो। अख्तियार दुरुपायोग अनुसन्धान आयोगको आदेशले ६ महिना भित्र स्टल खुल्ला गर्न जारी गरेको सूचनाले आफुहरु हाल शसंकित भएको अध्यक्ष बास्तोलाले बताए।



# पोखरा २२ पुम्दीभुम्दीका दुई सडक विकासको मुख्य आधार

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ असोज**

पोखरा २२ पुम्दी भुम्दीका दुई वटा सडक विकासको मुख्य आधार भएको स्थानियले बताएका छन् ।

पोखरा २२ को प्रगतिशील टोल विकास संस्थाले बुधबार चिसापानीमा आयोजित स्वागत तथा सम्मान कार्यक्रममा सहभागि पोखरा २२ का पुम्दी भुम्दीबासीले आफ्नो क्षेत्रको विकासको पहिलो आधार मुख्य दुई सडक भएको बताएका हुन् ।

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनलाई करिब १० केजीको माला सहित सम्मान गरेका स्थानियले आफ्नो क्षेत्रको लागि विगत दुई दशक देखि पर्दै आएको क्रमागत योजना यसै बर्ष काटिएकोमा गुनासो गरेका थिए। स्थानियले आफुहरुको लागि मुख्य गरी छोरेपाटन, चिसापानी, खाल्से हुदै कुभिण्डे र अर्को तर्फ छोरेपाटन, शान्ति स्तुपा, लुकुन्स्वारा, कालाभाङ, पुम्दी, उल्लेरी हुदै कुभिण्डे जोड्ने सडक पहिलो प्रथामिकतामा राखेर सडक स्तरोन्नती गर्न मनत्री बराल समक्ष जोडदार माग गरेका हुन्। स्थानिय आमा समुह, क्लब, टोल विकास संस्था सहितका राजनीतिक दलका नेता सहित विभिन्न व्यत्तिहरुले मन्त्री बराललाई खादा, माला, वुकि सहित भब्य स्वागत सहित सम्मान गरेकोमा खुसि ब्यत्त गर्दै उनले आफ्नो क्षेत्रबाट उक्त सडक निर्माणमा बिषेश जोड दिने आश्वासन दिए।

आफु जन्मेको ठाँउमा उक्त सम्मानले गर्दा भावुक भएका मन्त्री बरालले यस बर्ष दशैं अघि अबरुद्ध भएको सडक खुलाउने त्यस पछि केही बजेटको व्यबस्थापन गरी क्रमागत योजनामा समावेस गर्न पहल गर्ने बताए। उक्त दुई सडक कृषि र पर्यटनसंग समेत जोडिएको जसले गर्दा स्थानियको जीवनस्तरसंग जोडिएकोले उनीहरुको आर्थिक विकास र समृद्धि तथा सिद्धार्थ राजमार्गको समेत बैकल्पिक सडक हुने हुदा त्यस तर्फ प्रदेश सरकारको ध्यान जाने उनले जनाए। फुर्सेपुल हाल कटानको उच्च जोखिममा भएकोले त्यसको रोकथामको लागि समेत पहल गर्ने मन्त्री बरालको भनाई थियो।

प्रगतिशील टोल विकास संस्थाका अध्यक्ष नर बहादुर खड्काको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा माओबादी केन्द्र गण्डकी प्रदेशका सदस्य केशव पौडेल, राजनीतिकर्मी एवं समाजसेवी लिलाधर पौडेल, पोखरा २२ का वडा सदस्य मात्रिका बराल, माओबादीका नेता चण्डकीका प्रसाद बराल, नवराज बराल, हेमराज बराल, छोरेपाटन खाल्से कुभिण्डे सडक उपभोक्ता समितिका अध्यक्ष दीवाकर पौडेल, समितिका संस्थापक अध्यक्ष दुर्गाबहादुर गुरुङ, समाजसेवी मीनराज बराल, प्यामलाल बराल, फुर्सेखोला नदी नियन्त्रण समितिका अध्यक्ष नारायण बहादुर खड्का, फुर्सेखोला खालसे युवा क्लवका अध्यक्ष दील बहादुर बराल लगायतले छोरेपाटन देखि खाल्से हुदै कुभिण्डे सडक स्तरउन्नती र फुर्सेखोला नियन्त्रण पहिलो आवश्यक भएको माग गरेका थिए।

# 'ए डिभिजन' राष्ट्रिय फुटसल लिग : स्पोर्टस् क्यासल शीर्ष स्थानमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ असोज**

पोखरामा जारी 'ए डिभिजन' राष्ट्रिय फुटसल लिगमा घरेलु टोलीले आफ्नो शीर्षस्थानलाई कायमै राखेको छ। अखिल नेपाल फुटबल सङ्घको आयोजनामा यही असोज २ गतेदेखि पोखरा रङ्गशालाभित्रको बहुउद्देश्यीय कभर्ड हलमा जारी प्रतियोगिताअन्तर्गत बुधबारको खेलमा झरना स्पोर्ट्स क्लबलाई ५-१ गोल अन्तरले पराजित गर्दै क्यासल शीर्ष स्थानमा यथावत रहन सफल भएको हो।

क्यासललाई जित दिलाउने क्रममा खिमराज गुरुङले दुई तथा विजय गुरुङ, विशोन गुरुङ र किशोर गुरुङले समान एक/एक गोल गर्नुभयो। लिगका छ खेल खेलेको क्यासलको १६ अङ्क छ। हालसम्म अङ्क जोड्न नसकेको झरना लिग तालिकाको पुछारमा छ। यसैगरी पहिलो खेलमा शङ्खमूल फुटसल लुम्बिनी फुटसललाई ३-२ गोलले हराउँदै तालिकाको दोस्रो स्थानमा उक्लिएको छ। शङ्खमूलका छ खेलबाट १४ अङ्क छन्। शंखमुलको जितमा विवेक पण्डित, कृजल खड्का, सागर तेन्जेले गोल गर्नुभयो। लुम्बिनीका रुपेन बराइली र रेफ्री महर्जनले गोल गरे पनि टोलीलाई विजयी गराउन सक्नुभएन। लुम्बिनीका छ खेलबाट चार अङ्क रहेका छन्।

बुधबारको अन्तिम खेलमा मछिन्द्र स्काइ गोल्स प्रभातफेरी युथ क्लबलाई ४-३ गोलले हराउँदै तालिकाको छैटौं स्थानमा यथावत रहन सफल भयो। प्रभातफेरी तालिकाको आठौं स्थानमा छ। यस्तै ढुकु फुटसल हब सातौं स्थानमा रहेको छ भने लुम्बिनी फुटसल नवौं स्थानमा छ। लिगमा देशका सात प्रदेशबाट गरी १० टोलीको सहभागिता छ।

असोज २२ गतेसम्म सञ्चालन हुने लिगको विजेताले रु १० लाख तथा उपविजेताले रु पाँच लाख पुरस्कार प्राप्त गर्नेछन्। लिगको उत्कृष्ट खेलाडी, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट प्रशिक्षक र उदीयमान खेलाडीलाई जनही रु २५ हजारका दरले पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ। प्रत्येक खेलका 'म्यान अफ दी म्याच'लाई रु पाँच हजार पुरस्कार प्रदान गरिएको छ।

# डेडलक भएको फुर्सेखोला, रामदी मट्टिखान देउराली सडक पुन: निर्माण कार्य सुरु हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ असोज**

निश्चित समय सिमा सकिएर डेडलक भएको फुर्सेखोला, रामदी मट्टिखान देउराली सडक गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनको पहलमा पुनः निर्माण कार्य सुरु हुने भएको छ।

करिब १३ किलोमिटर सडक निर्माणको लागि १४ करोडको बजेट परेर पनि केही प्रतिशत मात्र काम भई हाल डेडलक भएको अबस्थामा मन्त्री बरालको पहलमा उक्त बाटोको स्तरउन्नती हुने भएको हो।

बुधबार पोखरा २१ मा भएको भेटघाट कार्यक्रममा वोल्दै मन्त्री बरालले अब उक्त योजना सम्पन्न गर्न स्थानिय सहित प्रदेश सरकारको समेत निरनतर खबरदारी आवश्यक भएको बताए। दशैं पर्व अघि अबरुद्ध भएको बाटो खुलाउने र दशैं लगत्तै उक्त सडक निर्माणमा अघि बढ्न आग्रह गर्दै मन्त्री बरालले रकम अभावले गर्दा निर्माण कम्पनीलाई कुनै समस्या नपार्ने जनाए।

ठेक्का पाएको कम्पनीले समयमै काम नगर्दा अलपत्र अबस्थामा रहेको उक्त योजना सम्पन्न गर्न लामिछाने निर्माण सेवाले अग्रसरता देखाएसंगै प्रदेशको समन्वयमा उनलाई जिम्मा दिइएको हो। उक्त कम्पनीका संचालक कमल लामिछानेले म्याद थप भएको समय भित्र आफुले गुणस्तरिय काम गर्ने प्रतिबद्धता व्यत्त गरेका हुन्। हिजोआज पानी परेका कारण पनि आफुले चाहेर हाल काम अघि बढाउन नसकेको उनले जनाए। भौतिक पुर्वाधार शहरी विकास तथा यातायात व्यबस्था मन्त्रालयका सचिव रामप्रसाद श्रेष्ठले सरकारले दिएको सिमा भित्र निमार्ण भएको आधारमा रकम भुत्तानीमा कुनै समस्या नहुने बताए। अब पनि काम गर्न ढिलाई गरेमा ठेक्का तोडिने उनले चेतावनी दिए।

भौतिक पूर्वाधार विकास कार्यालय कास्कीका डिभिजन प्रमुख महेन्द्र बहादुर बानियाले दशैं अघि नै अबरुद्ध भएको सडक संचालन गरी निर्माण कार्यलाई तत्काल अघि बढाउन निर्माण कम्पनीलाई सुझाव दिए। उक्त बाटो समितिका अध्यक्ष देविबहादुर थापाले मन्त्रीको पहलमा उक्त बाटो निर्माण हुने आशा पलायको बताए। स्थानिय बुद्धि बहादुर कार्कीले उक्त बाटो समयमै निर्माण नहुदा किसानहरु ठुलो मर्कामा परेको गुनासो गरे। प्रदेश सरकारबाट उक्त बाटो निर्माणको लागि चालु बर्षमा दुई करोड मात्र बजेट विनियोजन भएको स्थानिय सुर्य पौडेलले जनाए। संघिय सरकारबाट केही बर्ष पहिला ३१ करोडसम्मको योजना विनियोजन भए पनि विभिन्न कारणले न्यून प्रतिशत मात्र काम भई बाँकी रकम फ्रिज भएको स्थानियले गुनासो गरे। उक्त सडक यस बर्षको बर्षादले गर्दा धेरै ठाँउमा पहिरो गएको त केही ठाँउमा तार जाली लगाउनु पर्ने तथा केही ठाउँमा खाल्टा खुल्टी भएको पदम बहादुर थापाले बताए।

# धरान डर्विमा फुटसल ५ विजयी ढुकु रेलिगेसनबाट जोगियो

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ असोज**

राष्ट्रिय ए डिभिजन लिग फुटसल प्रतियोगिता अन्तरगत बिहिबार भएको धरान डर्विको खेलमा फुटसल ५ विजयी भएको छ।

पोखरा रंगशाला बहुउदेश्यीय कभर्डहलमा भएको खेलमा द राइजिङ क्लब धरानलाई फुटसल ५ धरानले ७-५ गोल अन्तरले हराएको हो। खेलमा अग्रता भने राइजिङले लिएको थियो। खेलको चौथो मिनेटमा सुदिप गुरुङले गोल गर्दै अग्रता दिलाए। उनले ८ औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गरे। फुटसल ५ का विजय श्रेष्ठले १७ औं मिनेटमा गोल गर्दै अग्रता घटाए। उनले २० औं मिनेटमा व्यक्तिगत र टिमका लागि दोस्रो गोल गरे। २० औं मिनेटमा दोर्जे तामाङले गोल गरे। पहिलो हाफमा ३-२ को अग्रता लिएको राइजिङ दोस्रो हाफमा भने सम्हालिन सकेन। २४ औं मिनेटमा मिलन राइले गोल अग्रता दिलाए।

उता फुटसल ५ ले ४ मिनेटमा पाँच गोल गर्दै जित हात पाऱ्यो। फुटसल ५ का सरोज तामाङले २ मिनेटमा ह्याट्रिक गरे। उनले खेलको ३५ औं मिनेटमा १ तथा ३६ औं मिनेटमा २ गोल गरे। रन्जित गुरुङले ३७ तथा प्रवेश जोशीले ३८ औं मिनेटमा गोल गरे। राइजिङका लागि २९ औं मिनेटमा हेमन्त थापा मगरले गोल गरे। खेलमा २ वटा रातो कार्ड समेत देखाइयो। राइजिङका कप्तान एवम् गोलरक्षक सचिन श्रेष्ठले खेलको १९ औं मिनेटमा रातो कार्ड पाए भने फुटसल ५ का कप्तान सन्दिप कार्कीले दोहोरो पहेँलो कार्ड खार्दै मैदान बाहिरीए।

राइजिङका प्रशिक्षक युवेन्द्र गुरुङले रेफ्रीको सिकारमा आफूहरु सुरुदेखि नै परिरहेको प्रतिक्रिया दिए। उनले अनावस्यक रुपमा खेलाडीलाई कार्ड दिनु गलत रहेको बताए। फुटसल ५ का प्रशिक्षक विश्वास लामाले केहि निर्णबाट आफूहरुपनि आक्रोशित भएपनि पछि आफूहरुलाई कारण बताएपछि चुप भएको प्रतिक्रिया दिए। उनले आगामी यात्रा निकै कठिन भएको जानकारी दिए। यस्तै अर्को खेलमा लुम्बिनी फुटसललाई हराउँदै ढुकु फुटसल हव रेलिगेसनबाट जोगिएको छ। ढुकुले लुम्बिनीलाई ५-२ गोल अन्तरले हराउँदै जित हात पारेको हो। ढुकुको जितमा विक्रान्त नरसिंह रानार प्रसिद्ध मगरले २-२ तथा अभय रानाले १ गोल गरे। जितसंगै ढुकुको ७ खेलबाट ७ अंक रहेको छ।

# प्रतिभामा जुरेस गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ असोज**




प्रतिभा मावि पोखरा-३ नदिपुरले विनेश तिमील्सिनाको अध्यक्षतामा ११ सदस्यीय जुनियर रेडक्रस सर्कल पुर्नगठन गरेको छ।

समितिको उपाध्यक्ष, सचिब, उप-सचिब, कोषाध्यक्ष, उप-कोषाध्यक्षतथा सदस्यहरुमा क्रमश रेश्मा सेन ठकुरी, सम्पुर्ण पौडेल, आभा आचार्य, सन्देश खनाल, सुक्रिति ताम्राकार, सार्बि पौडेल, स्वीकार पौडेल, शिवीसा खड्का, पुजा परियार, मन्जिला न्यौपाने र अनमोल गहतराज रहनुभएको छ। यस समितिको संरक्षकको रुपमा विद्यालयका प्राध्यानाध्यापक विश्व गोपाल पराजुली र शिक्षक नायकको रुपमा रविन्द्र अधिकारी चयन हुनुभयो।

पुर्नगठित समितिलाई विद्यालयका सह प्राचार्य प्रदिप खनालले शुभेच्छा व्यक्त गर्नु भयो। निवर्तमान समितीका अध्यक्ष आशिश परियारको सभापतित्वमा कार्यक्रम सन्चालन भएको कुरा अतिरिक्त विभाग प्रमुख प्रकाश अधिकारीले जानकारी दिनु भयो।


## कर्मचारी आवश्यकता

यस श्री अन्नपूर्ण माध्यमिक विद्यालय, पोखरा-१६, अर्मलामा रिक्त रहेको लेखा सहायक पदमा कर्मचारी नियुक्ति गर्नुपर्ने भएकोले विद्यालय व्यवस्थापन समितिको मिति २०७८/०६/०६ गतेको वैठकको निर्णय र शैक्षिक प्रशासन महाशाखा पोखरा महानगरपालिका, कास्कीको मिति २०७८/०६/१० गतेको च.नं. १४२ को अनुमति पत्र अनुसार इच्छुक नेपाली नागरिकहरुबाट तपसिल बमोजिमको आवश्यक कागजात सहित मिति २०७८/०७/०४ गतेसम्म विद्यालय समयभित्र दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**
**पदः लेखा सहायक**
**संख्याः १ जना**
**न्यूनतम शैक्षिक योग्यता– व्यवस्थापन विषयमा +२ वा सो सरह**
**उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको**
**आवश्यक कागजातहरुः**
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- हस्तलिखित निवेदन

**दरखास्त दस्तुरः रु १०००|–**
**परीक्षाको किसिमः लिखित, प्रयोगात्मक र अर्न्तवार्ता**
**सेवा सुविधाः नेपाल सरकारको प्रचलित नियमानुसार**
**दरखास्त दिने अन्तिम मितिः २०७८/०७/०४ गते ४:००बजेसम्म**
**आवेदन पेश गर्ने स्थानः अन्नपूर्ण माध्यमिक विद्यालय, पोखरा–१६ अर्मला**
**पुनश्चः कम्प्युटरमा विशेष ज्ञान भएको र माथिल्लो शैक्षिक योग्यता भएकालाई विशेष प्राथमिकता दिइने छ।**
**सम्पर्क नं.: प्र.अ. ९८४६०५४४९३, वि.व्या.अध्यक्ष ९८४६०३०९११**
**सहायक प्र.अ. ९८५६०४८६१२**

**श्री अन्नपूर्ण माध्यमिक विद्यालय**
**पोखरा-१६, अर्मला कास्की**

स्वास्थ्य नै ठूलो धन हो।
कोभिड-१९ को संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं, अत्यावश्यकीय सेवा प्रवाह गर्दा निम्न कुरामा ध्यान दिऔं।

- अनिवार्य रुपमा मास्क लगाऔं, सेवाग्राहीलाई अनिवार्य रुपमा मास्क लगाउन सु–सूचीत गरौं।
- सेवा प्रवाह भौतिक दुरी कायम गरौं।
- साबुन पानीले मिचीमिची हात धुने गरौं वा सेनिटाइजरको प्रयोग गरौं।
- कुनै पनि स्वास्थ्य समस्या भएमा नजिकैको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान :**
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१– ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवा सदन हो । - लियो टोल्सटोय

## सम्पादकीय

# अध्यादेश गठबन्धनको संजिवनी बुटी

सरकारले संसद अधिवेशन अन्त्य गरेर प्रमुख प्रतिपक्षी दल नेकपा एमाले विभाजन गराउन अध्यादेश ल्याएको प्रष्ट भएको छ। एमाले विभाजन गर्ने काम सकिएकाले अध्यादेश खारेज भयो । सरकारले जुन नियतले अध्यादेश ल्यायो त्यसलाई सत्ता गठबन्धनको संजिवनी वुटी मानिएको छ। सभामुख अग्नी प्रसाद सापकोटा एमाले विभाजन गर्न सहयोगी रहे । राजनीतिक स्वार्थलाई केन्द्र भागमा राखेर को लागि याएको संसदको गतिरोध हटाउन प्रधानमन्त्री शेर बहादुर देउवाले बोलाएको सर्वदलीय बैठकमा संसदमा नाराबाजी गरिरहेको नेकपा एमाले स्वयंम अनुपस्थित भयो । बालुवाटारमा बसेको बैटकमा सहभागी दलहरुले संसदको गतिरोध अन्त्य गर्न सकारात्मक भइदिन एमाले अध्यक्ष केपी शर्मा ओलीलाई आग्रह गरे ।

तर बिहीबार पनि एमालेले संसदमा नाराबाजी गऱ्यो। बैठक सुरु हुनासाथ नाराबाजी गरेपछि सभामुख अग्निप्रसाद सापकोटाले संसद सञ्चालनमा सहयोग गर्न आग्रह गरे । तर नाराबाजी नरोकिएपछि महालेखा परीक्षकको बार्षिक प्रतिवेदन पेश भयो र संसद बैटक १९ गते १ बजे अर्को बस्ने गरी स्थगित भएको छ। तर गत्यावरोध अन्त्यको संकेत देखिएको छैन । संसदमा कहिलेसम्म नाराबाजी जारी रहन्छ भन्ने प्रश्नमा एमाले नेताहरु भन्छन्, 'यो अवरोध खुलाउन खोज्नुभएको हो भने सभामुखले प्रमुख प्रतिपक्षी दलको नेतासँग व्यक्तिगत रुपमा भेट्नुस् ।'

एमाले प्रमुख सचेतक विशाल भट्टराई सभामुखको निर्णय र सरकारले गरेका पछिल्ला निर्णयहरुका कारण आफूहरुले संसदमा अवरोध गरिरहेको बताउँछन् । आफूले कारबाही गरेका १४ सांसदलाई पदमुक्त नगरेर सभामुखले दल विभाजनमा भूमिका खेलेको एमालेको आरोप छ। पछिल्ला दिनमा सरकारसँग पनि केही आपत्तिहरु थपिएको भन्दै प्रमुख सचेतक भट्टराईले बताए । एमाले विभाजन गर्न नै हठात संसद अधिवेशन अन्त्य गरेर राजनीतिक दलसम्बन्धी अध्यादेश ल्याएको र संसदमा टेबल भएको त्यही अध्यादेशलाई अलपत्र छाडेर फेरि राष्ट्रपतिमार्फत खारेज गराएको भन्दै उनले भने, यो संविधान विपरित छ, नैतिक दृष्टिकोणले पनि उचित काम भएन ।'

प्रमुख सचेतक भट्टराई भन्छन्, 'एमालेले उठान गरेका मुद्दाहरुबारे सत्तापक्ष वा सभामुखले एमालेसँग डाइरेक्ट सम्वाद गर्दा भइगयो, किन सबैलाई साक्षी राख्नुपऱ्यो ?' एमाले सांसद खगराज अधिकारीले पनि संसदको गतिरोध अन्त्यका लागि प्रधानमन्त्री देउवा र सभामुख सापकोटाले आफ्नो पार्टीका अध्यक्ष केपी ओलीसँग एक्ला एक्लै भेट्नुपर्ने बताएका छन् । सभामुखसँग संसद भवनमै भेट भएको थियो, कानुनमन्त्री पनि हुनुहन्थ्यो । हामीले सभामुखलाई विपक्षी दलको नेतालाई भेट्नुस भन्यौं र कानुनमन्त्रीलाई पनि प्रधानमन्त्रीलाई विपक्षी दलको नेतालाई भेट्न आग्रह गर्नुस भन्यौं तर, त्यसो हुन सकेको छैन' अधिकारीले भने ।

त्यसविपरित सर्वदलीय बैठक बोलाएकाले आफूहरु अनुपस्थित भएको उनले बताए । बिहीबार प्रधानमन्त्रीले बोलाएको सर्वदलीय बैठकमा नजानुको अर्को कारण माधव नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादीको सहभागिता पनि भएको उनले बताए । आफूले यो पार्टी अवैधानिक भएको जिकिर गर्दै आएको भन्दै उनले त्यो दललाई वैधता दिने गरी आयोजित बैठकमा एमाले नजाने बताए। अर्को कारण चाहिँ संवैधानिक परिषद्सम्बन्धी अध्यादेश र त्यसका आधारमा भएका नियुक्तिहरुको निरन्तरता खोजेको अधिकारीले संकेत गरे । सत्तारुढ गठबन्धन र प्रधानमन्त्री देउवा अध्यादेशमार्फत भएका ५२ जनाको नियुक्ति खारेज गर्न लागि परेको भन्दै उनले भने, उहाँहरु अनेक उपाय गर्दै हुनुहुन्छ। तर थपे, 'फेरि नियुक्ति हुँदैन किनभने विपक्षी दलको नेता त्यहाँ (संवैधानिक परिषदको बैठकमा) जानुहुन्न भन्ने जान्दा जाँदै किन निहुँ खोज्नुहुन्छ ? त्यसकारण व्यक्तिगत रुपमा भेट्नुस् त्यसपछि सर्वदलीय बैठक राख्नुस्, भनेका छौं ।' सांसद अधिकारीले आफ्नो पार्टीको अध्यक्षसँग प्रधानमन्त्री देवउाले एक्लै भेटेपछि मात्रै संसदको अवरोधका विषयमा छलफल हुने पटक-पटक दोहोऱ्याए । उनजे भने, 'प्रधानमन्त्रीजीले विपक्षी दलको नेतासँग किन वार्ता संवाद गर्न सनुहुन्न ?'


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : शत्रुको भय |
| वृष | : मन चञ्चल | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : ब्यापारमा लाभ | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# भेडा च्याङ्ग्राको मूल्यवृद्धि

–ध्रुवसागर शर्मा
गलेश्वर, १४ असोज (रासस)



महानपर्व दसैं नजिकिँदै छ। यस पर्वमा मुस्ताङी भेडाच्याङ्ग्राको मासु माग ह्वात्तै बढ्ने गर्दछ। यसपटक पनि कोभिड-१९ का कारण कोरला नाका ठप्प भएपछि दसैँमा धेरै भेडा च्याङ्ग्रा बजारमा नआउने भएका छन् भने आएका भेडा च्याङ्ग्राको मूल्य पनि आकासिएको छ।

तिब्बत्‌बाट च्याङ्ग्रा ल्याउन नपाउँदा उपल्लो मुस्ताङमा नै एउटै च्याङ्ग्राको मूल्य सातदेखि १० हजार रुपैयाँसम्मले महङ्गिएको लोमान्थाङ्का व्यापारी पासाङ गुरुङले जानकारी दिनुभयो। मुस्ताङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष खगेन्द्र तुलाचनले यसवर्ष जिल्लामै भेडा च्याङ्ग्राको अभाव देखिएको बताउनुभयो । "लोमान्थाङबाट आज मात्रै केही भेडा च्याङ्ग्रा मुस्ताङ झार्दै गरेको जानकारी पाएको छु" अध्यक्ष तुलाचनले भन्नुभयो,"गतवर्ष व्यापारीले रु २७ हजार प्रतिगोटामा बिक्री गरेको च्याङ्ग्राको भाउ यसपटक रु ३५ हजार भन्दामाथि पुगेको जानकारी आएको छ ।" मूल थलोमै महँगो भएपछि बजारमा च्याङ्ग्राको भाउ अझै बढ्नसक्ने उहाँको भनाइ रहेको छ । गतवर्ष मुस्ताङबाट मात्रै करिब सात हजार च्याङ्ग्रा बिक्रीका लागि पठाइएकोले यसवर्ष जिल्लामा पनि धेरै भेडाच्याङ्ग्रा नभएकाले समस्या उत्पन्न भएको उहाँको भनाइ छ।

कोभिड-१९का कारण चीनले लामो समयदेखि नाका ठप्प बनाउदा च्याङ्ग्रा मुस्ताङ आउन नपाएको एक दशकदेखि भेडाच्याङ्ग्राको व्यवसाय गर्दै आउनुभएको गुञ्जा तेन्जिङले बताउनुभयो। पाँच दिन अघिमात्र मुस्ताङबाट सरुवा भई म्याग्दीको बेनी भेटेरीनरी अस्पताल तथा पशु विकास केन्द्रमा आउनुभएका केन्द्र प्रमुख जीवन आचार्यका अनुसार यस वर्ष तिब्बतबाट भेडाच्याङ्ग्रा नआउने वा आए पनि अत्यन्त कम मात्रामा आउने हुँदा जिल्लामा पालिएका भेडा च्याङ्ग्रा मात्रै ढिलोगरी बजारमा आउने भएका छन्। उहाँका अनुसार सो जिल्लामा पालिएका ती भेडाच्याङ्ग्राको मूल्य रु ३५ हजारदेखि ३९हजारसम्म रहेको छ। सामान्य अवस्थामा व्यापारीले दसैंलाई लक्षित गर्दै तिब्बतबाट च्याङ्ग्रा ल्याउने गरेकामा यसवर्ष यस्तो नभएको उहाँको भनाइ छ।

सामान्य अवस्थामा मुस्ताङ र तिब्बतबीच वर्षको दुई पटक व्यापार हुने गरेकामा कोरोनाका कारण यस वर्षको व्यापार नभएको व्यापारीले बताएका छन्। गत जेठ र साउनमा हुने मेलामा नेपाली वस्तु तिब्बतीले किन्ने र च्याङ्ग्रा नेपालीले किनेर पाल्ने गरेको भए पनि यसवर्ष त्यो मेला हुन नपाएको सङ्घका अध्यक्ष तुलाचनले जानकारीदिनुभयो । हिमाली क्षेत्रको जडीबुटी खाएकाले स्वादिलोसँगै स्वास्थ्यका लागि फाइदा हुने जनाउँदै प्रायः उपभोक्ताले भेडाच्याङ्ग्राको मासु खोज्ने गर्दछन्।

# घारखोला जलविद्युत् आयोजनाको टनेल ब्रेकथ्रु

–कमल खत्री
बेनी, १४ असोज(रासस)

म्याग्दीको अन्नपूर्ण गाउँपालिकामा निर्माणाधीन १४ मेगावाट क्षमताको घारखोला जलविद्युत् आयोजनाको टनेल खन्ने काम सम्पन्न (ब्रेकथ्रु) भएको छ।

आयोजनाको बाँधस्थलदेखि आउटलेटसम्म पानी लैजानका लागि तीन हजार ५०० मिटर लामो टनेलको बुधबार ब्रेकथ्रु भएको हो। आयोजनाका प्रवर्द्धक, लगानीकर्ता, प्राविधिकलगायतको उपस्थितिमा बुधबार टनेल खन्ने कामलाई पूर्णता दिइएको थियो। बाँध रहेको अन्नपूर्ण गाउँपालिका-५ शिख र ६ नं वडा घारको सीमा क्षेत्रमा पर्ने कुरिलाबगरबाट एक हजार ६०५ मिटर र आउटलेट रहेको घारको अमिलाकाफलबाट एक हजार ४०० मिटर सुरुङ खनेपछि दुबैतर्फ जोडिएको आयोजनाका आवासीय इञ्जिनीयर जोसेफलाल बज्राचार्यले जानकारी दिनुभयो।

उहाँका अनुसार, टनेलको ब्रेकथ्रु भएसँगै आयोजनाको करिब ६२ प्रतिशत काम सम्पन्न भएको छ । २०७४ चैतबाट निर्माण सुरु भएको यस आयोजनाबाट आगामी असार मसान्तभित्रै विद्युत् उत्पादन गर्ने गरी निर्माण कार्यलाई तीव्रता दिइएको छ। "निकै लामो सुरुङलाई बीचमा अडिट बिना नै दुई तर्फबाट मात्रै जोडिएको यो नेपालकै पहिलो टनेल हुनसक्छ, भौगोलिक चुनौतीबीच नेपालकै प्राविधिकद्वारा भएको यो महत्वपूर्ण उपलब्धि हो, अब आयोजनाको अन्य पूर्वाधार निर्माणले थप गति पाउँछ'' इञ्जिनीयर बज्राचार्यले भन्नुभयो।आयोजनाकोसिभिलतर्फ ६८, हाईडोमेकानिकलतर्फ ५६, इलेक्टोमेकानिकलतर्फ ५० र प्रशारण लाइनतर्फ २० प्रतिशत काम सकिएको छ । बाँधतर्फ ९८ प्रतिशत काम सकिएको यस आयोजनाको विद्युत्‌गृहतर्फ पेनस्टक पाइप जडान सुरु भएको छ भने विद्युतगृहको पूर्वाधार निर्माण अघि बढेको सिभिल ठेकेदार कम्पनी साउथ एशियन इन्फास्ट्रक्चर प्रालिका आयोजना प्रबन्धक ध्रुव मिश्रले जानकारी दिनुभयो । टनेल खन्ने क्रममा भौगोलिक खालका धेरै समस्या आए पनि त्यसको सामना गर्दै टनेल ब्रेकथ्रु सम्भव भएको उहाँको भनाइ छ । सुरुङ मार्ग हुँदै ल्याइएको पानीलाई ४८५ मिटर अग्लो हेडबाट एक हजार २०० मिटर पेनस्टक पाइपमार्फत पोखरेबगरमा रहने विद्युतगृहमा खसालेर विद्युत् उत्पादन हुने आयोजनाले जनाएको छ। म्याग्दी हाइड्रोपावर कम्पनी प्रवर्द्धक रहेको यस आयोजनामा नागरिक ऊर्जा बुटवल लिमिटेडलेसमेत लगानी गरेको छ भने एनएमवि बैंकको नेतृत्वमा एनआइसी एशिया, कुमारी र प्राइम कमर्सियल बैंकलेसमेत लगानी गरेका छन्। कूल रु दुई अर्ब ४२ करोड लागत अनुमान गरिएको यस आयोजनामा कोरोनाका कारण आयोजना निर्माणको काम पछि धकेलिएसँगै लागत बढ्ने देखिएको आयोजनाले जनाएको छ । आगामी माघ मसान्तसम्म सम्पन्न गर्ने लक्ष्य अनुसार निर्माण सुरु भएको यस अयोजनामा कोरोना लगायतका कारणले निर्माण कार्यमा केही ढिलाइ हुन पुगेपनि आगामी असारसम्ममा आयोजनाको काम सम्पन्न गर्ने गरी निर्माण कार्यलाई तीव्रता दिइएको आयोजनाको परामर्शदाता कम्पनी हाइड्रोकन्सल्ट इञ्जिनीयरिङ्ग लिमिटेडका कार्यकारी अधिकृत मनोहर श्रेष्ठले बताउनुभयो।

उहाँका अनुसार विद्युतगृह रहने पोखरेबगरदेखि दाना सवस्टेशन सम्मको ८ किलोमिटर लामो ३३ केभिएको डबल सर्किट प्रशारण लाइनको काम समेत अघि बढेको छ। डिजाइनको काम सकिएको र आवश्यकनिर्माणसामग्रीअधिकांश कार्यक्षेत्रमा ल्याइसकिएकाले आगामी ४ महिनाभित्रमा प्रशारण लाइनको काम सम्पन्न हुने उहाँको भनाइ छ।

यस आयोजनामा सिभिलतर्फ साउथ एशियन इन्फास्ट्रक्चर प्रालि, इलेक्टोमेकानिकलतर्फ सिमोर इनर्जी प्रालि, हाइड्रोमेकानिकलतर्फ सिई हाईड्रोमेकानिकल प्रालि, र प्रशारण लाईनतर्फ रोयल कन्ट्रक्सन प्रालिले ठेक्का लिएका छन् भने परामर्शदाता कम्पनीमा हाईड्रोकन्सल्ट इञ्जिनियरिङ लिमिटेड रहेको छ।

# इपिएलमा चितवनको दोस्रो जित

रासस
काठमाडौं, १४ असोज

चितवन टाइगर्सले काठमाडौं किङ्स-११ लाई तीन विकेटले पराजित गर्दै चौंथो संस्करणको एभरेष्ट प्रिमियर लिग (इपिएल) टी-ट्वान्टी क्रिकेटमा दोस्रो जित दर्ता गराएको छ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बिहीबार भएको खेलमा काठमाडौंले दिएको १४२ रनको लक्ष्य चितवनले १८ दशमलव ४ ओभरमा ७ विकेट गुमाउँदै लक्ष्य पूरा गर्यो । पहिलो खेलमा चितवनले विराटनगर वारियर्सलाई हराएको थियो।

चितवनको जितमा राजेश पुलामीले अविजित रहदै सर्वाधिक २६ रन बनाए । कमलसिंह ऐरी २३ रनमा अविजित रहे । यस्तै दिलीप नाथले २३, करिम जनतले २१, मोहमद साहजदले २१, भीम सार्कीले ६, सेकुगे प्रसन्नले ५ तथा इशान पाण्डेले ४ रन बनाए । कप्तान सोमपाल कामी भने शून्य रनमा आउट भए।

काठमाडौंका जीतेन्द्र मुखिया र रायन बर्लले २/२ विकेट लिए भने जनक प्रकाश, सन्दीप लामिछाने र गुलशन झाले १/१ विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको काठमाडौंले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १४१ रन बनाएको थियो । काठमाडौंका लागि सुवास खकुरेलले सर्वाधिक ३५ रन बनाउदा राजु रिजालले २८ रन जोडे । त्यसैगरी जनक प्रकाशले २६, रहमानउल्लाह गुर्बाजले ५, अमित श्रेष्ठले ६, अमर रौटेला ५, गुलशन झाले ४ रन जोड्दा रायन बुर्ल शून्य रनमा आउट भए । कप्तान सन्दीप लामिछाने ७ रनमा अविजित रहे।

# टेलिकमले ज्येष्ठ नागरिकलाई निःशुल्क सिम दिने

रासस
काठमाडौं, १४ असोज

अ न्त र्रा ष्ट्रि य ज्येष्ठ नागरिक दिवसको अवसरमा नेपाल टेलिकमले देशभरका ज्येष्ठ नागरिकलाई निःशुल्क सिम प्रदान गर्ने भएको छ।

यही असोज १५ गतेदेखि २५ गतेसम्म ६० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई टेलिकमले निःशुल्क सिम वितरण गर्न लागेको हो । टेलिकमका प्रवक्ता राजेश जोशीका अनुसार उक्त सिममा रु १० ब्यालेन्स हुनुका साथै ४० मिनेट कुराकानी गर्न सकिने, २० वटा सन्देश पठाउन मिल्ने र ६० एमबी डाटा प्रयोग गर्न सकिने सुविधा छ । उक्त सुविधा एक महिनासम्म उपलब्ध हुने उहाँले बताउनुभयो। संयुक्त राष्ट्र सङ्घको आयोजनामा विश्वव्यापी रुपमा अक्टोबर १ मा मनाइने अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस यसपटक असोज १५ गते परेको छ।

टेलिकमका देशभरका कार्यालयका काउन्टरबाट ज्येष्ठ नागरिकले उक्त सुविधा उपलब्ध हुनेछ । सो सुविधाका लागि एक प्रति पासपोर्ट साइजको फोटो, परिचय र उमेर खुल्ने प्रमाणपत्र बुझाउनु पर्नेछ। आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत मुलुकभरका ज्येष्ठ नागरिकलाई उपलब्ध गर्ने निःशुल्क सिमको सुविधाले जेष्ठ नागरिकलाई दूरसञ्चार र सूचना प्रविधिको पहुँचमा ल्याउन सहयोग पुग्ने टेलिकमले जनाएको छ।

# 'संघीयताको मूल्याङ्कन होइन, कमजोरीको समीक्षा गरौँ'

रासस
काठमाडौं, १४ असोज

सङ्घीयता कार्यान्वयनमा प्रवेश गरेको भर्खर चार वर्ष मात्र भएकाले कमी-कमजोरीको सामान्य समीक्षाबाहेक अहिले नै सङ्घीयताको मूल्याङ्कन नगर्न सुझाव दिइएको छ।

सङ्घीयता कार्यान्वयन गर्ने मुख्य जिम्मेवारीमा रहेका तीन तहकै सरकारका पदाधिकारीको पहिलो कार्यकाल उत्तरार्द्धमा प्रवेश गरिसकेकाले यसबीचमा भएका काम र देखिएका कमजोरी हटाउन बहस र समीक्षाको भने आवश्यकता औंल्याइएको छ।

नेपाल कानुन समाजले आज यहाँ आयोजना गरेको 'वित्तीय सङ्घीयता कार्यान्वयनको अवस्था' विषयक अन्तर्क्रियामा अर्थ समितिका सभापति कृष्णप्रसाद दाहालले लामो सङ्घर्ष र बलिदानको उपलब्धिका रूपमा प्राप्त लोकतन्त्र र सङ्घीयतालाई दीर्घजीवी र बलियो बनाउने सवालमा पुनरावलोकन र समीक्षा खाँचो रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "सङ्घीयतामा प्रवेश गर्नुअघि स्थानीय तहको आर्थिक अवस्था कस्तो थियो त्यो हेरिनुपर्छ, तीन तहकै सरकारले कर्तव्यअनुरुप जिम्मेवारीपूर्वक काम गर्नुपर्छ । असन्तोष हुनुपर्ने अवस्था छैन । सबै पक्ष समस्या केन्द्रित होइन, समाधान केन्द्रित हुन आवश्यक छ।" सभापति दाहालले सङ्घीयता कार्यान्वयनको चरणमा देखिएका कमजोरी घटाउँदै कानुनी, नीतिगत, कार्यशैलीगत सुधारमा जोड दिनुभयो।

सङ्घीयता कार्यान्वयनको चरणमा रहँदा संविधानले परिकल्पना गरेका सङ्घ, प्रदेश र स्थानीय तहका अधिकार क्षेत्रलाई बुझेर सहकार्य एवं समन्वयका आधारमा वित्तीय सङ्घीयतालाई प्रभावकारी बनाउन वक्ताले सुझाव दिनुभयो। प्रदेश सरकारका पूर्वमन्त्री विमला केसीले सङ्घीयतालाई कुन प्रणाली र ढाँचामा लैजाने भन्नेमा विज्ञको सल्लाहभन्दा नेताको निर्णय हाबी भएको तथा सङ्घीय सरकार संविधानको मर्म र भावनाअनुरुप नचलेका कारण अनेक प्रश्न उब्जिएको धारणा राख्नुभयो । पूर्वमुख्य सचिव सोमलाल सुवेदीले नेपालमा वित्तीय सङ्घीयताको वर्तमान अवस्था विषयक कार्यपत्र प्रस्तुत गर्दै सङ्घीयताको अभ्यास गरेका मुलुकमा प्रदेश र स्थानीय तहले स्रोत प्राप्त र उपयोग गर्ने सिलसिलामा वित्तीय सङ्घीयता आत्माका रूपमा रहने प्रतिक्रिया दिनुभयो।

उहाँले भन्नुभयो, "सङ्घले संविधानअनुसार सहजीकरण भएको छ वा छैन भनेर मूल्याङ्कन गर्न जरुरी छ, संसदीय समितिले यस्ता कुरा बुझ्नुपर्छ, राजनीतिक संस्कार, लोकतान्त्रिकरण र जवाफदेही अत्यन्त आवश्यक छ, सफलता पाउन नियन्त्रण, सन्तुलन र राजनीतिक चरित्र रुपान्तरण हुनुपर्छ।"

# बिआरआई साहित्यिक सञ्जालमा नेपालको सहभागिता

रासस
काठमाडौं, १४ असोज

चीनले स्थापना गरेको बेल्ट एण्ड रोड इनिसियटिभ (बिआरआई) सँग सम्बन्धित साहित्यिक संस्था 'लिटरेरी नेटवर्क अफ द बेल्ट एण्ड रोड' (बेल्ट एण्ड रोड साहित्यिक सञ्जाल) मा नेपाल सहभागी भएको छ।

चिनियाँ लेखक सङ्घ संस्थापक र नेपाल प्रज्ञा-प्रतिष्ठानसमेत सहसंस्थापक रहेको सो नेटवर्कले साहित्य, संस्कृति तथा सभ्यताको अध्ययन-अनुसन्धान, अनुवाद, प्रतिलिपि अधिकारको संरक्षण, प्रकाशन, साहित्यिक एवं सांस्कृतिक आदानप्रदान आदि गर्ने उद्देश्य लिएको छ। बेल्ट एण्ड रोडसँग जोडिएका सयभन्दा बढी देशका सरकारी प्रज्ञा-प्रतिष्ठानलाई समेटेर उक्त सञ्जालको स्थापना गरिएको हो।

प्रज्ञा-प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेतीले भर्चुअल माध्यमबाट संयुक्त बैठकलाई सम्बोधन गर्दै आफ्ना वैभव र अनुभवको आदानप्रदान गर्न यो साझा मञ्च निकै प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "यो प्रतिस्पर्धी संसारमा हामी एक्लै हिँडेर कहीँ पुग्न सक्दैनौँ, आपसी समझदारीका साथ एकापसमा सहकार्य गरेमा हामी अवश्य पनि लक्ष्यमा पुग्ने छौँ, त्यसका लागि यो उपयुक्त मञ्च हुनेछ।" चिनियाँ लेखक सङ्घका अध्यक्ष थी निङ समारोहमा उपस्थित हुनुभएको थियो । उहाँले आजको युगमा आपसी सहकार्यको अपरिहार्यता रहेको उल्लेख गर्दै बेल्ट एण्ड रोड साहित्यिक सञ्जालले यस क्षेत्रमा असीमित कार्य गर्नसक्ने बताउनुभयो । माओ तुन साहित्य पुरस्कार विजेता ल्यु चेनयुन, गे केइ र अनलाइन साहित्य लेखक थान्जिया सानसाओसहित चिनियाँ प्रतिनिधि लेखक/साहित्यकार, चीन पब्लिसिङ्ग ग्रुप, पिपुल्स लिटरेचर पब्लिसिङ्ग हाउस, पिपुल्स लिटरेचर पत्रिका, राइटर्स पब्लिसिङ्ग हाउसका प्रतिनिधि, अन्य प्रकाशन संस्थाका प्रतिनिधिका साथै चिनियाँ कम्युनिस्ट पार्टीका नेतासमेत समारोहमा सहभागिता थियो।

